# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित

वर्ष : १४ अंक : १२ मासिक २०७१ आषाढ


## जगदम्बा सरस्वती माँ, हजुरलाई प्रणाम

✍ब्रह्माकुमार हेमन्त, आबूरोड

सृष्टि रङ्गमञ्चमा अनेक आत्माहरू आउँछन्, परन्तु केही आत्माले मात्र उज्ज्वल चरित्रद्वारा इतिहासमा अमर स्थान प्राप्त गर्छन् । यस्ता विलक्षण विशेषताहरूका विभूतिहरू युग-युगसम्म जीवित रहन्छन् । अज्ञानरुपी अन्धकारमा भट्किएका लक्ष्यहीन यात्रीका लागि उनीहरू दीपस्तम्भ बन्छन् । उनीहरूको जीवन नै जगत् कल्याणका लागि समर्पित हुन्छ । यस्तै चिरकालदेखि स्मरण गरिदै आइएका स्मरणीय पूजनीय वन्दनीय आत्माहरूमध्ये एक शिरोमणि, अद्वितीय परमश्रेष्ठ उदाहरण हुनुहुन्थ्यो मातेश्वरी जगदम्बा सरस्वतीजी, जसले ईश्वरको अनुपम अलौकिक सर्वश्रेष्ठ रचना वा ब्रह्माकी मानस पुत्री बनेर कर्मको करामतबाट आदर्श प्रस्तुत गर्नुभयो । कन्या अवस्थादेखि नै जगदम्बाको गौरव प्राप्त गर्ने मातेश्वरीको पुरुषार्थ उच्च कोटीको थियो । जसले आज पनि अनेकौं अध्यात्म पथका पुरुषार्थीहरूलाई प्रेरणा दिन्छ । परमात्मा शिवका महावाक्यलाई सरल वाणीद्वारा स्पष्ट गरेर, कर्मबाट उतारेर, मातेश्वरीजीले अनेक आत्माहरूलाई पुरुषार्थको पथमा चल्न सिकाउनुभयो । त्यसैले आउनुहोस् मातेश्वरीजीको पुण्य स्मरणको पावन पलमा प्रस्तुत छ, उहाँका परम प्रेरणादायी पुरुषार्थका केही झलकहरू .....



१) **चिन्तनमा आध्यात्मिकता** : 'जस्तो चिन्तन हुन्छ उसले त्यस्तै चित्र र चरित्र बनाउँछ,' भन्ने उक्तिअनुसार मातेश्वरी जीमा "म शिवको आत्मिक पुत्र र ब्रह्माकी मानस पुत्री हुँ" यो चिन्तनको नशा झल्किन्थ्यो । जसका फलस्वरूप उहाँ लौकिकताभन्दा पर अलौकिक वा पारलौकिक गुण साथै हदभन्दा पर बेहदमा विचरण गर्नुहुन्थ्यो । आत्मचिन्तन वा प्रभुचिन्तनको बलद्वारा उहाँ साधारण कन्याबाट सर्वमनोकामना पूर्ण गर्ने कामधेनु बन्नुभयो ।

२) **मननमा मगनता** : मनलाई बालकसमान स्नेह दिएर मन्मनाभवको स्थितिमा स्थित गर्नमा मम्मा प्रवीण हुनुहुन्थ्यो । मनलाई मुरलीधरमा लगाउन तथा मुरलीका महावाक्यहरूको मनन गरेर मखन बनाउनमा उहाँको प्रभुत्व थियो । जसकारण उहाँ ज्ञान मननमा मग्न भएर प्रभु प्रियतमको प्रेममा हराइरहनुहुन्थ्यो । ज्ञान मुरलीमा मग्नताका कारण नै यस समयको यादगार स्वरूप श्रीमद् भागवतमा राधालाई मुरली सुन्नमा पागल हुन्थिन् भनेर देखाइएको छ ।

३) **दर्शनमा दिव्यता** : मातेश्वरीजीको दृष्टिमा दिव्यता थियो । उहाँको सान्निध्यमा आउनेवाला नर अथवा नारी जुनसुकै धर्म, जाति, रूप-रङ्ग र आयुका हुन्, ती मानवमा निहित दिव्य आत्मालाई देख्नुहुन्थ्यो न कि नश्वर पञ्चतत्त्वबाट बनेको देहलाई । उहाँको दिव्य दृष्टि जसमा पनि पर्थ्यो उसको जीवन दिव्य गुणको सुगन्धले मग्मगाउँथ्यो, किनकि उहाँ आत्मिक पुष्पमा दिव्यगुणको सुगन्ध भर्नेवाला रुहानी माली हुनुहुन्थ्यो ।

४) **बोलीमा सत्यता र स्पष्टता** : मातेश्वरीजीमा पेचिला वा कठिन रहस्यहरूलाई सरल बनाएर सत्यताको साथ स्पष्ट गर्ने अद्भुत कला थियो । सत्यताको अधिकारी बनेर परमात्माको नयाँ र अनौठो ज्ञानलाई पनि निस्संकोच निश्चयको साथ भन्नुहुन्थ्यो । उहाँको सत्य भनाइले दिल दिमागलाई भेद गर्दै जान्थ्यो र उनीहरूको दिमागले परमात्माको ज्ञानलाई सहजै स्वीकार गर्दथ्यो ।

५) **अध्ययनमा तल्लीनता** : विद्यार्थी जीवन स्वर्णिम जीवन हो (स्टुडेन्ट लाइफ इज द गोल्डन लाइफ) यसको जस्ताको तस्तै चित्रण मम्माको "गडली स्टुडेन्ट लाइफ"मा देखिन्थ्यो । ईश्वरीय महावाक्यको अध्ययनको समयमा उहाँ देहको सुधबुध भलेर बस्नुहुन्थ्यो, आत्म अभिमानी स्थितिमा स्थित हुँदा हर शिक्षाको स्वरूप बन्ने । तल्लीनतापूर्वक अध्ययन गरिएको ज्ञान र गुणको उहाँ मूर्तस्वरूप हुनुहुन्थ्यो ।

६) **श्रवणमा एकाग्रता** : जब ज्ञान सागर शिवका लहरहरू भागीरथ ब्रह्मा मुख कमलद्वारा निस्कन्थे, त्यतिखेर एकटक, स्थिरचित्त, दत्तचित्त भएर ज्ञानसागरका एक एक रत्नलाई एकाग्रतापूर्वक होलीहंस बनेर मातेश्वरी बुद्धिरूपी बाकसमा सजाएर राख्नुहुन्थ्यो । मुरली सुनेपछि वा पढेपछि केहीको सहारा नलिइकन ब्रह्मा वत्सहरूलाई जस्ताको तस्तै सुनाउनुहुन्थ्यो ।

७) **वर्णनमा विवेकशीलता** : सृष्टिचक्रको ज्ञान होस् वा कर्मको गहन गतिको वर्णन, उहाँको विवेचनमा विवेकशीलता झल्कन्थ्यो । सम्पूर्ण तर्कसंगत विवेकी प्रमाणहरूलाई प्रस्तुत गरेर परमात्मा ज्ञानमा पलभरमै श्रोतालाई निश्चय गराइदिनु, ज्ञानको कुनै पनि विषयमा संशयरहित सहज स्पष्टीकरण गर्नु मम्माको तेजस्वी सद् विवेकको चमत्कार थियो ।

८) **मिलनमा पावनता** : कलियुगी तमोगुणी दुनियाँका जस्तासुकै पतित आत्मा पनि मातेश्वरी जीसंग मिल्नेबित्तिकै, क्षणभरमै उनीहरूको तन मनको विकारी तापबाट मुक्त भएर शीतल हुन्थे, पतित आत्मा पलभरमा नै पावन भइहाले जस्तो हुन्थ्यो । उहाँसँग भेट गर्ने कामी, क्रोधी व्यक्ति पनि पवित्रताको अनुभव गर्न थाल्दथे । यसैले उहाँ पतित पावनी गंगा माता वा कलङ्क मेटाउने महाकाली कहलाइनुभयो ।

९) **आचरणमा पवित्रता** : हर कर्मेन्द्रिहरूलाई आत्मा राजा बनेर आत्म-नियन्त्रणमा राखेर आचरण गर्नुहुन्थ्यो । नयनबाट निर्मल दृष्टिको वर्षा, मुखबाट मधुर महावाक्यको उच्चारण, कानद्वारा प्रभुप्रिय वचनको नित्य श्रवण, हातबाट यज्ञसेवाको पुनीत कर्म वा श्वास-श्वासमा शिवको स्मृति समाहित हुन्थ्यो । शुद्ध पवित्र आचरणका कारण नै उहाँका हर अङ्गलाई नयनकमल, कर्णकमल, मुख कमल, हस्त कमल भनेर पुकारिन्छ ।

१०) **ग्रहणमा गुणग्राहकता** : मातेश्वरी ज-जसका सम्बन्ध-सम्पर्कमा आउनुहुन्थ्यो उनीहरूबाट गुणमात्र ग्रहण गर्नुहुन्थ्यो । चाहे व्यक्ति होस्, प्रकृति होस्, वा पन्छी होस् सबैको खुबीलाई जानेर तिनलाई आफ्नो जीवनमा उतार्नुहुन्थ्यो । हर यज्ञवत्समा लुकेका विशेषतालाई चिनेर ईश्वरीय कार्यमा लगाउनुहुन्थ्यो । गुणैको गायन गरी ती गुणहरूमा अझ उमङ्ग-उत्साह बढाई स्वयं पनि गुणसागर शिवको गुणमोतीहरूको माला धारण गरिरहनुहुन्थ्यो ।

११) **व्यवहारमा गम्भीरता** : मातेश्वरीजीमा विशेष गरी गम्भीरताको गुण थियो । चेहरामा स्मित हास्य भएको, आवश्यकता अनुसार नै वाणीको प्रयोग गर्न, हर कार्य सोचेर बुझेर गर्न, व्यवहारमा हतार वा उत्ताउलोपन नदेखाउन, गम्भीरतापूर्वक शान्तिसँग हर कुराको समाधान गर्नमा उहाँ सिद्धहस्त हुनुहुन्थ्यो । यही विशेषताका कारण उहाँ परिपक्व बनेर कुमारी हुँदा-हुँदै पनि सदा माता (माँ) नै देखिनुहुन्थ्यो । सबैलाई एउटा आमाको आभास हुन्थ्यो ।

बाँकी ७ पेजमा ....

# शिव भगवानुवाच

**शुभ-चिन्तक बन्ने विशेष आधार हो शुभ चिन्तन । जसले व्यर्थ चिन्तन वा परचिन्तन गर्छ ऊ शुभ चिन्तक बन्न सक्दैन । शुभ चिन्तक मणिका पासमा शुभ चिन्तनको शक्तिशाली खजाना सदा भरपूर हुन्छ । भरपूरताका कारण नै अरूप्रति शुभचिन्तक बन्न सक्छ । शुभचिन्तक अर्थात् सबै ज्ञान रत्नले भरपूर, यस्ता ज्ञान सम्पन्न दाता नै हिंड्दा-डुल्दा हर एकको सेवा गर्दै श्रेष्ठ सेवाधारी बन्दछ ।**

## सम्पादकीय

## साधकमा संयमको महत्त्व

स्नेह र संयम यी दुई मौलिक गुणले आत्माको शक्तिलाई अझ प्रज्ज्वलित बनाइरहन सहयोग पुऱ्याउँछन् । जति-जति मन शक्तिशाली हुँदै जान्छ हामी हाम्रा सेवाकार्यसँग अति स्नेही हुन थाल्दछौं । सेवासाथीहरूको विशेषताको पहिचान गरेर साथमा साथ अनि हातमा हात मिलाउँदै अगाडि बढ्दा खेल खेलमा ठूल-ठूला कार्यहरू सम्पन्न पनि गर्न सकिन्छ । हामी त्यही कार्य गरौं जसमा प्रेम समाहित भएको होस् अनि जे गर्छौं प्रेम पूर्वक गरौं । रुचि विनाको भोजन विष समान भएझैं प्रेम विनाको सेवा परिणाम शून्य भइदिन्छ । खुशी हुनलाई यदि हामी सेवा गरिरहेका छौं भने अवश्य जीवनभर दुःख नै हात पर्दछ । खुशी त मनको आन्तरिक अवस्था हो । हामी जुन सेवा गर्दछौं खुशी भएर गरौं परिणाम जीवन सधैं उत्सवमय हुन थाल्दछ । प्रायः मानिस वस्तु र वैभव वा सर्तमा बाँधिएर खुशी खोज्न उद्यत भएको पाइन्छ । सर्तमा पाएको खुशीले तत्काल अर्को सर्त खोज्न थाल्दछ । खुशी अविरल धारा बनोस् यसका लागि निस्सर्त खुशीको आवश्यकता पर्दछ । वास्तवमा खुशी मनको भोजन हो । भोजनको प्रकृतिले मनको अवस्थालाई स्वस्थ र स्थिर हुन सहयोग पुऱ्याउँछ ।

साधनामा स्नेहको जति महत्त्व छ त्योभन्दा अझ बढी गरिमा साधकको संयमताले पनि राख्ने गर्दछ । संयमविनाको विद्वत्ता अन्ततः अत्यन्त हानिकारक हुने कुरामा कुनै सन्देह रहँदैन । ह्वात्तै अभिमानले डेरा जमाउन थाल्दछ । यसको क्रम बढ्न थालेपछि भने स्वतः अन्धकारले भरिन थाल्दछ मानव मन अनि मनको ज्योति आफैं निभ्दछ । साधनाले त मनको ज्योति प्रगाढ बनाउनु पर्नेमा निभेपछि त केही नै रहँदैन । फगत आडम्बर शेष रहन्छ । यो साधकका लागि अति नै निकृष्ट अवस्था हो भन्दा फरक पर्दैन । बाह्य स्वरूपमा निकै प्रगतिको अवस्था रहे पनि आन्तरिक रुग्णताबाट ऊ गुज्रिरहेको हुन्छ । जानकारीका टावर भए पनि बोधशून्य अवस्था प्रर्याप्त देखिन्छ उसभित्र । बोधशक्ति विना जीवनमा कुनै दिर्घकालीन परिवर्तन देखिँदैन । शून्यताको भुमरीमा रुमल्लिएका साधकहरूका सहजै देखिन सकिने मनोवैज्ञानिक लक्षणका आधारमा आफू सजग रहन सक्नु नै उत्तम उपाय हो ।

अनुमानका भरमा कसैसँग कुरा गर्ने स्वभाव निराशावादको शिकार संगठनको हितभन्दा व्यक्तिको फाइदा खोज्ने प्रवृत्ति क्षणप्रति क्षण अरूको कमजोरीको बखान गर्ने असहयोगी भावना आदि-आदि स्पष्टै रूपमा देखिने मनोलक्षण हुन् शक्तिहीन साधकका । यसको औसत संख्या बढ्दो अवस्थामा छ आजभोलि संगठनमा । अवश्य पनि शुभसंकेत होइन यो । कालान्तरमा यो घातक सिद्ध हुन सक्नेछ । मूल्य चुकाउन चाहेर पनि सकिने छैन । समाजले जसलाई आशा र विश्वासको नजरले नियालिरहेको छ उसैबाट यसप्रकारका घटना घट्नुले अति विकराल परिणाम निम्त्याउन सक्दछ । यो अक्षम्य भूल हुने छ मानवताको इतिहासमा ।

अब एकपटक पुनः उठौं जागौं र बोधगम्य यात्रामा सजगतालाई जीवनको कवच बनाइदेऔं । स-साना कमजोरीलाई शक्तिमा रूपान्तरण गरौं । मर्यादा अनि शीललाई जीवनको प्रतिबिम्ब बनाइदेऔं । जानकारहरू पनि भन्दछन् जो शील संयममा रम्दछ उसैमा आउँछ मानवता ।

मानवता नै पहिलो श्रेणी त्यसैका लागि सजगता,  
छोडी स्वार्थ गरौं सेवा, त्यसैले मिल्छ अमरता ।

- ब्रह्माकुमार विजयराज सिग्देल

# जगत् जननी माँ

✍ ब्रह्माकुमारी सरिता, लक्ष्मीपुर

यदि संसारमा आमा नहुने हो भने संसार त एउटा रुख्खा-सुख्खा मरुभूमिसमान हुनपुग्छ । जहाँ केवल निरसतामात्र रहन्छ र ममता स्नेह, त्याग, सेवाभाव अनि सहनशीलता भन्ने शब्दहरू नै रहँदैनन् । त्यसैले आमा त ती ममताकी खानी हुन् जो आफू मरेर पनि सन्तानका निम्ति अहोरात्र खटिरहेकी हुन्छिन् । माता जननी त ती हुन् जसले ठूला-ठूला चक्रवर्ती राजाहरूदेखि लिएर ती कैयौं विश्वविख्यात महा-मानवहरूलाई शिक्षा र धर्मको बीज रोप्ने काम गरेकी हुन्छिन् । हे नारी तिमी आफूलाई अबला नसम्झ किनकि तिम्रै यादगारमा कमलपुष्प निवासिनी, वीणा वादिनी, असुर संहारिणी देवीहरूलाई देखाइएको छ । अब आफ्नो अस्तित्व एवं स्वरूपलाई चिन अनि ज्ञान वीणा हातमा लिएर संसारलाई ईश्वरीय ज्ञान विद्याको मधुर झङ्कार बजाइदेऊ ।

नारी तिमी यदि ती अष्ट शक्तिधारी जगत् जननी अम्बे माँ नै नभए पनि उनैकी त सन्तान हौ । त्यसैले याद राख जसलाई कामधेनु माँ, आदिशक्ति देवी, भवानी दुर्गे तथा महिषासुर, रक्तबीज, त्रिपुरासुर आदि-आदि अनेकौं असुर संहारक नामबाट सम्बोधन गरिन्छ, जसको नाममा आफूलाई नै समर्पण गरिन्छ तिनै जगदम्बे माँ भवानी सरस्वती जगत् जननीले आज नारी भई यसै लोकमा लाखौं ब्रह्मावत्सका माझमा रहेर पनि आफुलाई एउटा सबलाको रूपमा उभ्याउनुभयो ।

सन् १९१९ मा अमृतसरमा जन्मिएकी एक साधारण कन्या ॐ राधे आफ्नो कलाकौशल, विशेषता, गुण अनि प्रखर निर्णय शक्तिका कारण सम्पूर्ण मानवमात्रमा ज्ञानको अमृत बगाउन प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालको स्थापना कालमा विश्व सेवार्थ सम्पूर्ण जीवन भौतिकताबाट हटाएर आध्यात्मिकतामा लगाउनुभयो । उहाँ नै पछि जगत् जननी माँ भनी कहलाउनुभयो । यज्ञ पिता प्रजापिता ब्रह्माबाबाले उहाँको नाम राधाबाट ओम्राधे राखिदिनुभयो । ओम् राधेको खुबी, विशेषता, बाबाप्रतिको अगाध स्नेह अटुट निष्ठा, अटल निश्चय एवम् यज्ञप्रतिको निस्वार्थ सेवा र पवित्र भावलाई देखेर स्वयम् ज्ञानसागर शिवपिताले "यज्ञमाता जगदम्बा सरस्वती मम्मा" को टाइटल दिनुभयो । बाबाले उच्चारण गरेका महावाक्यलाई जीवनमा धारण गरी हर आत्मालाई ज्ञानको स्पष्ट राज सुनाउनुहुन्थ्यो । ज्ञानसागरको सम्पूर्ण ज्ञानलाई आफूमा समाहित गरेर मम्मा पनि ज्ञानकी देवी सरस्वतीको नामले संसारमा चिनिनुभयो । शिवमा नै समर्पित माँ हरपल ज्योतिबिन्दु स्वरूप परमात्माको यादमा सदा हराइरहनुहुन्थ्यो । उहाँका ती शीतल दृष्टिले चिन्ता अनि तनावग्रस्त मानवलाई शीतलताको अनुभूति गराउँथ्यो । मम्माको अगाडि जोसुकै आए पनि नतमस्तक हुन्थे । विरोधी पनि मम्माको चरणमा पर्दथे । यस्ता कैयौं उदाहरणहरू हामीले सुनेका छौं । गुल्जार दादीजी भन्नुहुन्छ– यज्ञमा कैयौं पटक विरोधीहरूले अनेक कुराहरूको विरोध गरे तर मम्माको उपस्थिति र दर्शनमात्रले पनि ती विरोधीहरू पानी-पानी हुन्थ्ये र सहयोगी बन्दथे ।

शिवशक्ति सेनाकी प्रमुख नायिका मातेश्वरी जगदम्बाले यस सृष्टिरूपी रङ्गमन्चमा अनौठो एवम् विचित्र पार्ट खेल्नुभयो । जसको विशेषता र चरित्रको वर्णन गर्दा आज जोसुकै पनि आश्चर्यचकित हुनपुग्दछन् । यस्ती साधनाप्रिया, पवित्रताकी खानी मम्मालाई केवल ब्राह्मण आत्माले मात्र नभई कैयौं भक्त-आत्माहरूले पनि स्मरण गरिरहेका छन् । प्रभु प्रिया माँ जगदम्बे जसले कर्मभोगलाई योगबलद्वारा विजय प्राप्त गरी २४जुन सन १९६५ का दिन पुरानो देहलाई त्याग गरी सम्पूर्णता प्राप्त गर्नुभयो ।

यसरी जब २४ जुनको दिन नजिकिँदै जान्छ तब लाग्छ मम्मा आज पनि हाम्रै माझमा हुनुहुन्छ, मीठो ज्ञान वीणा सुनाइरहनुभएको छ । अनि ममता र स्नेहले हामीलाई सजाइरहनु भएको छ । आऔं हामी पनि मम्माका चरित्रका जीवन-गाथालाई पढौं, बुझौं अनि जीवनमा त्यस्तै बन्ने लक्ष राखौं तब मम्माप्रति श्रद्धासुमन अर्पित हुनेछ ।

# समाज संरचनाका कमीकमजोरी तथा सुधारका उपायहरू

ब्रह्माकुमार रामसिंह ऐर, काठमाण्डौ

समाज विविध रूप, रङ्ग, वर्ण, पेशा, तह-तप्का, योग्यता र क्षमता भएका मानिसहरूको सिंगो गुलदस्ता हो । बगैंचाका अनेक रङ्गी-विरङ्गी तथा सुगन्ध भएका पुष्पहरूको सौन्दर्य सबैका लागि आकर्षक हुन्छ तथा तिनीहरूलाई सँगै मिलाएर गुच्छा या मालाका रूपमा आबद्ध गर्न सकिन्छ जसको मूल्य र महत्त्व अझ बढी गौरवशाली र मूल्यवान् हुन्छ तथा स्वागत, सत्कार गर्न वा प्रभुमा अर्पण गर्नमा बढी शोभनीय र उपयोगी हुन्छ । मानव समाजको विविधता पनि एक अर्कालाई सहयोग गर्न र आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले भएको प्रतीत हुन्छ । विविधतामा एकता, स्नेह, सहयोग, सम्मान र प्रेमभाव स्थायी हुने हो भने यो रचनालाई प्रभुको उपहारका रूपमा लिन सकिन्छ । यदि एक अर्काप्रति ईर्ष्या र घृणाभावका साथ होच्याउने दबाउने, शोषण गर्ने र तिरष्कार गरी उच्च नीचको प्रवृत्तिबाट परिचालित हुने हो भने समाज अभिशापका रूपमा देखा पर्दछ ।

वर्तमान मानव समाजमा देखा परेका द्वन्द्व, मानमुटाब, टकराव, लडाई, झगडा तथा हिंसा हत्या मानव समाजको संरचनाका मूलभूत कमजोरी हुन् । मानिस जब एक अर्कालाई आफ्नो प्रतिद्वन्द्वी (Opponent) का रूपमा सम्झिन्छ भने स्वभावैले विवाद, सामना (Conflict, Confrontation) तथा आलोचना (criticism) जस्ता अभिव्यक्तिहरू देखिन्छन् । खास गरी वर्तमान राजनैतिक पद्धतिमा चुनाव प्रक्रिया (Election System) द्वारा सत्ता र शक्ति प्राप्त गर्ने अभियानमा प्रत्येक चुनाव क्षेत्रमा इलेक्सन लड्न उम्मेदवारहरू खडा हुन्छन् । प्रत्येकले भोटर्सलाई आफ्नो पक्षमा मत खसाउन मनाउनु पर्ने वा राजी गर्नुपर्ने अवस्था हुन्छ । यस दौरान इलेक्सन क्षेत्रबाट प्रतिनिधिका दावेधार व्यक्तिले एक अर्कालाई आफ्नो प्रतिद्वन्द्वी सम्झेर उसमाथि अनेक प्रकारका आरोप प्रत्यारोप तथा उसका कमीकमजोरीको बखान, वर्णन र प्रचार प्रसार गर्दछन् । अर्काको कमीकमजोरी सिद्ध गर्ने र म नै ठीक हूँ, इमानदार हूँ, सबैभन्दा राम्रो र सक्षम छु भन्ने आफ्नै डम्फूका साथ प्रस्तुत हुने गर्दछन् । यस प्रकारको रवैयाले समाजमा एकता, स्नेह र सद्भावको सट्टा विभाजन, वितृष्णा र वैरभावको वातावरण बन्न गई डामाडोलको स्थिति पैदा हुन्छ । आफूले जित्ने र अर्कोलाई हराउने ब्यालेट बक्सको लडाइँ चलिरहन्छ ।



अध्यात्म-विज्ञान

त्यसैगरी आर्थिक र समाजिक क्षेत्रमा पनि अनेक प्रकारका कमीकमजोरीहरू छन् । अहिलेको घाँटी रेट (cut throat) प्रतिष्पर्धाको समयमा मानिस आफूलाई मात्रै बढीभन्दा बढी धनी र मालदार बनाउन आतुर छ तथा उच्च पद प्राप्तिका लागि चतुर्‍याइँको खेल खेलिरहन्छ । आफ्नो मात्रै फाइदा हेर्ने मुनाफा प्रवृत्तिको हावी छ । यसका लागि मानिस अरूको अहित हुने र अरूलाई अप्ठ्यारोमा पार्ने विषयमा षड्यन्त्रकारी योजना बनाउने, विचार र चिन्तनको बकुल्ला ध्यान गर्ने वा सोच्ने गर्दछ । अति महत्त्वाकांक्षा र लोभ लालचका कारण आर्थिक नीति र मूल्यलाई समेत वास्ता गर्दैन । साँच्चै सामाजिक परिवेशमा व्याप्त रङ्ग, लिंग, जाति, धर्म तथा क्षेत्रका साथै कुरीति, बालविवाह, बहुविवाह, घरेलु हिंसा, अन्धश्रद्धा बलिप्रथा आदि जस्ता संकुचित सोच र प्रचलनले मानिस-मानिसका बीचमा फाटो पैदा गरेको छ । एक अर्कासँग समीप भएर हातेमालो गर्न नसकिने स्थिति छ । यस्ता सामाजिक संरचनाले मानव समाजको विखण्डनकारी स्थिति पैदा गरेको छ । यो अवस्था विश्वव्यापी रूपमा कम वा बढी सर्वत्र देखा पर्दछ । अत: यस्ता कुराहरू यथावत् रहेसम्म एउटा चिर स्थायी सौहार्दमय, सुखद समाजको परिकल्पना गर्न सकिदैन ।

उल्लिखित कुराहरू आधुनिक समाज रचनाका जल्दाबल्दा कमजोरी (drawback) हुन् । अत: यिनीहरूको परिवर्तन, परिमार्जन र सुधारका लागि मानवमा नयाँ जागृति र चेतनाको उदय हुनु जरुरी छ । वास्तवमा विविधतामा एकता कायम गर्न सक्ने सुन्दर सूत्र आध्यात्मिक जागृति र ज्ञान नै हो । जसले मानिसमा राजनैतिक, आर्थिक, सामाजिक र वैचारिक विभेदबाट उत्पन्न भएको विभाजनलाई सहजै संयोजन र मालाबद्ध गर्न सक्दछ । आध्यात्मिक विद्याले मानिसलाई मूलत: देहको चेतना र भानबाट मुक्त गरी शाश्वत स्व-अस्तित्वको आत्मिक भावमा स्थित गरिदिन्छ, अर्थात् समाजमा भएका विविध व्यक्तिहरू आत्मिक रूपमा चेतन शक्ति, आत्मा प्रकाशका पुञ्ज हुन् । सबैको दिव्य स्वरूप चैतन्य ज्योतिर्मय हो । यस ज्ञानबाट सबै प्रकारको विभेद उत्पन्न हुने दृष्टिकोण स्वत: समाप्त भएर जान्छ । आत्मभावमा जातिभेद, धर्मभेद, रङ्गभेद वा लिंगभेद आदि कसैको पनि स्थान हुँदैन । केवल आत्मा-आत्मा भाइको शुभभाव, शुद्धभावमात्रै रहन्छ । साथै भातृत्वभावका लागि एक पिताभावको ज्ञान हुनु जरुरी छ । आध्यात्मिक विद्याले यी दुवै कुरालाई सही अर्थमा स्पष्ट गरी जीवनलाई नै ज्ञान युक्त, गुण युक्त र शक्तिशाली बनाइदिन्छ तथा वसुधैव कुटुम्बकमको मान्यतालाई साकार पारिदिन्छ ।

वास्तवमा समाजलाई सुसंगठित गर्न मानव जीवनमा मूल्य र गुणको आवश्यकता पर्दछ । समाजका सबै परिवेश र कार्य क्षेत्रमा यदि मूल्यलाई स्थान दिने हो भने प्रत्येक एरियामा उन्नति र प्रगति हुनुका साथ-साथै आपसी स्नेह र सद्भावलाई कायम राखी सुखद परिणाम प्राप्त गर्न सकिन्छ । प्रत्येक व्यक्ति जब स्वयंमा स्वअनुशासित र मूल्यनिष्ठ बन्दछ ऊ कुनै पनि हालतमा कसैका लागि बाधक र दु:खदायी बन्न सक्दैन केवल एक अर्काको परिपूरक बनी सहयोगीको भूमिका निर्वाह गर्दछ । जस्तो शान्ति र सन्तुष्टताको गुणले सबैलाई जोड्ने र मेलमिलाप गराउने काम गर्दछ त्यसरी नै दया, क्षमा, करुणाजस्ता मूल्यहरूले आपसी प्रेम र सम्मानको भावनालाई ठोस बनाइदिन्छ । सत्यता, पवित्रता र इमानदारी जस्ता गुणहरूले व्यक्तित्वको उचाई बढ्दछ तथा आपसमा हार्दिक विश्वास बढ्ने गर्दछ । विश्वासले विश्वासलाई बढाउने गर्दछ र शंका उपशंकाको भय समाप्त हुन्छ ।

युगौं तथा शताब्दीयौंदेखि जरो गाडेर बसेका सामाजिक, वैचारिक र मान्यतामा (belief system) रहेका विकृति र कुकृत्यको अन्त्यका लागि मानव सोच र चेतनामा आध्यात्मिक ज्ञानको सही ढंगले बीजारोपण गर्नु पर्दछ त्यस अवस्थामा मात्र सामाजिक तथा अन्य विविध कमजोरीको अन्त्य हुनेछ । अनि मात्रै मानव जीवन सुख, शान्ति, समृद्धि र खुशीले भरपुर र मालामाल बन्नेछ । मानिस न केवल बाह्यरूपमा देखिने कमी कमजोरीलाई रूपान्तरण गर्न सफल हुनेछ साथै संस्कारजन्य रूपमा देखा परेका सूक्ष्म तर साह्रै कडा स्वभाव-संस्कारलाई समेत परिवर्तन गरी मूल्य र गुणको प्रतिमूर्ति बन्नेछ । उसका जीवनमा शान्ति, प्रेम, सद्भाव, परोपकार तथा सेवाभावका स्थायी आभूषणहरू सुसज्जित र व्यावहारिक हुनेछन् । यस्तो व्यक्तिबाट सबैलाई मनसा, वाचा, कर्मणा, सुख मिल्ने छ । "सुख देऊ र सुख लेऊ" जस्ता कुराहरू सर्वत्र देखा पर्ने छन् । यस प्रकारको संस्कृति र जीवनशैलीबाट सबै प्रकारका मानवीय कमजोरीको अन्त्य हुन गई मानव देव आत्मा बन्नेछ ।

वस्तुत: समाजलाई सबल र कमजोर बनाउने दुवै पक्षमा मानवको सोच, बोल र कर्मको नै अहम् भूमिका हुने हुँदा यसको सुधारका लागि प्रत्येक व्यक्तिले गम्भीरतापूर्वक तत्परता र सक्रियता देखाउनु पर्दछ । जानेर वा नजानेर हाम्रै क्रियाकलाप र व्यवहारका कारण समाजमा यावत् कमिकमजोरीहरू देखा परेका छन् । यस यथार्थलाई स्वीकार गर्दै कसैले कसैलाई दोष दिइरहनु वा अरूसंग परिवर्तन र सुधारको अपेक्षा गर्नुको सट्टा प्रत्येकले स्वयम्लाई सच्च्याउनु र सुधार्नु पर्दछ तबमात्रै मौजुदा अप्ठ्यारा परिवेशहरू समाप्त हुनेछन् र समाज चिरकालका लागि आदर्श, सभ्य र सुसंस्कृत समाजका रूपमा रूपान्तरण हुनेछ । यस दिशामा समाजका प्रत्येक व्यक्तिले परिवर्तन मेरो आफ्नो जिम्मेवारी र दायित्व हो र मबाट नै शुरु हुनुपर्दछ भन्ने सम्झिदिएमा छिटोभन्दा छिटो सर्वत्र देखा परेका सबै प्रकारका साना-ठूला कमी कमोजोरीहरूको अन्त्य हुनेथियो तथा सुन्दर समाजको उदय हुनेथियो ।

*विषय इच्छा गर्नेहरूको प्यास कहिल्यै मेटिदैन ।* – गौतम बुद्ध




**पुदिना, अजीर्णहर, सुगन्धीपत्र,** (Mint, *Mentha arvensis)*

**चिनारी** : यो आधा फिट अग्लो रातो/सेतो डाँठ, पात च्याप्टो-गोलो अति बास्नादार हुन्छ । यो उष्ण तथा समशीतोष्ण जल वायुका हिल्यान-चिस्यानमा प्रशस्त पाइन्छ । यसले आकाशे लामो झरी-वर्षा र तुषारो खप्न सक्दैन । **गुण-धर्म** : यो हृदयहितकारी, पाचक, अग्निद्धीपक, रुचिकर,



## स्वास्थ्य रहस्य

***HEALTH***

त्रिदोषनाशक, पित्तहर, वातवायुनाशक, कफ निष्कासक, रक्तशोधक,विषउपविषमारक,पाचनशक्ति व्यवस्थापक मानिन्छ। **स्वाद** : अति बास्नादार मिठो परपराउने । **स्वभाव** : शीतल-शामक । **प्रयोग हुने अङ्ग** : सबै भाग । **औषधीय उपयोग** : यसले अरुचि, अजीर्ण, मन्द-अग्नि, निम्नरक्तचाप, पित्तपत्थरी, पित्तज्वर, अम्लपित्त, कमलपित्त, वातरक्त, उदर शूल, पेट पोल्ने, आमाशयको शिथिलता इत्यादि सन्चो गराउँछ । **मात्रा** : स्वरस/लेदो ५-१० ग्राम, काँढापानी आधा-एक लिटर, पुदिनहरा १/१ वटी, अर्क १०-१५ ग्राम, अत्तर ३-५ थोपा, चटनी ५-७ ग्राम, २-३ पात चुसेर रहने ३-५ पटक ।

**चिनारी** : यो २-३ फिट अग्लो, पात च्याप्टो, हाँगा-बिँगा भएको,

**पुदिना पहाडी, पतेना,** (Hill Mint, *Mentha species)*

अति वास्नादार हुन्छ । यो हिल्यान-चिस्यान भूमिमा फस्टाउँछ तर झरी वर्षा मन पराउँदैन । यो प्राय: १५००-२५०० मिटरमा पाइन्छ । **स्वाद** : मीठो-स्वादिष्ठ र बासनादार । **स्वभाव** : शीतल-शामक । **प्रयोग हुने अङ्ग** : सबै भाग । **औषधीय उपयोग** : ज्वर, अरुचि, अपच, संग्रहणी, रक्तविकार, वायुगोला, शूल, मन्दाग्नि हैजा, पेटको जलन, अधिकपित, अम्लपित्त, कलेजो शिथिलता, पत्थरी, पित्तरोग, कमलपित्त इत्यादि सन्चो गराउँछ । **माटो** : यो अम्लीय-चिस्यान माटोमा पैदा हुन्छ । **गुण-धर्म** : यो सुगन्धित, त्रिदोषनाशक, पाचक, रुचिकर, ज्वरहर, पित्तविकार निष्कासक, बुद्धिवर्धक, श्वासप्रश्वासशामक । **तापक्रम** : यो प्राय: १५-२५ डिग्री से. तापक्रममा धेरै उत्पादन गर्न सकिन्छ । **मात्रा** : रस/लेदो ५-१० ग्राम, धूलो ३-५ ग्राम, अत्तर २-३ थोपा, काँढापानी आधा लिटर, अर्क : १०-२० ग्राम, खोटो र बटी २-३ ग्राम ३-५ पटक ।

साभार: आधुनिक जडीबुटी विज्ञान

लेखक : योगी धर्ममहारस

# जे गर्नुपर्ने हो त्यही गरौं

✍ ब्रह्माकुमार भागवत, नारायणगढ

हाम्रो बुद्धिले जे गर्नु राम्रो हो भनेर बुझेको हुन्छ त्यसलाई गर्दै जाने बानी बसाल्यौं भने धोका खानु पर्दैन । यसो भन्दैमा मैले जे जे बुझेको छु त्यो मात्रै सही हो, होइन । यसभन्दा अगाडिका असल कुरा पनि बुझ्दै जानु त पर्ने हुन्छ तर अहिलेसम्म बुझेका सत्य, सही वा समाजमा मानिदै आइएका नियम र मर्यादाहरूलाई कर्ममा उतारेर अघि बढ्ने स्वभावले जीवन सत्यताले भरिदै जाने सम्भावना बढ्दछ । आज यस्तो वातावरण भएको छ कि जुन कुरा गर्नु नहुने हो त्यही गरेर तत्काल नियम तोड्दा कसैले त्यसको सजाय नदिएको वा दिन नसकेको भन्ने सोचेर आनन्द लिदै मानिसहरू खराब वा निषेधित कार्य गर्छन् अनि निकट वा दूर भविष्यमा दु:खको भागी बन्दछन् । कुनै पनि नियम त्यतिकै बनाइएको हुँदैन । कुनै नियमहरू समयानुकूल परिवर्तन गरिनुपर्ने हुनसक्छन् तर परिवर्तन भएका भने नहुन पनि सक्छन् त्यस्ता नियमलाई पनि कि त परिवर्तन गर्न पहल गर्नुपर्‍यो कि परिवर्तन नहुन्जेलसम्म परिपालन गरिरहनुपर्‍यो । किनकि नियम तोड्ने बानीमात्रले पनि हामीलाई धेरै धोका दिनसक्छ ।

कुनै पनि बालकलाई नयाँ विद्यालयमा भर्ना गर्नुपर्दा हामी त्यस्तो विद्यालयमा भर्ना गर्न खोज्दछौं जहाँ धेरै नियम हुन्छन् साथै पालना पनि गराइन्छन् । नियम धेरै हुने तर पालना नगराउने विद्यालयमा बच्चा भर्ना गरिहाले पनि पछि पछुताएर बच्चालाई सकेसम्म निकालेर अर्को विद्यालयमा लगाउने इच्छा हुन्छ, इच्छा प्रकट गर्दछौं, यसै गर्दछौं पनि । यो आजको मात्र कुरा भने होइन । गुरुकुलको समयमा पनि जुन गुरुकुलमा धेरै कडा नियमको पालना गराइन्थ्यो तिनै गुरुकुलमा बच्चा भर्ना गर्ने चलन थियो, उत्पादन पनि त्यस्तै हुन्थ्यो, त्यस्ता गुरुकुलमा पढ्ने विद्यालयको प्रस्तुती पनि सोही अनुसारको हुन्थ्यो, उत्कृष्ट हुन्थ्यो । विद्यालयले दिने भनेको नियमको पालना गर्न प्रेरणामात्र हो अन्य सीप वा कला त बच्चाले आफैं पनि सिक्न सक्दछ । विद्यालयमा बच्चालाई कस्ता कुरामा ध्यान केन्द्रित गर्ने र कस्तो बानी बसाल्ने भन्ने कुरामा जोड दिइन्छ, दिनु पर्छ । जुन बच्चाले नियमको पूर्णरूपले पालना गर्छ उसको भविष्य सुन्दर छ भन्ने कुरा सबैलाई निश्चित हुन्छ, त्यस्तै हुन्छ पनि । नियम भनेको वास्तवमा हाम्रा पूर्वज, ज्ञानी, विद्वान्, सज्जन, अनुभवी वा परोपकारी भावना भएका महानुभावहरूद्वारा बनाइएका फ्रेममात्र हुन् । हामी तिनै फ्रेमहरूमा आकारित हुँदै आफ्नो चाहेजस्तो भविष्य बनाउन सक्दछौं । यदि आफैंलाई ती फ्रेमहरूभन्दा पनि राम्रा बुट्टा भएको फ्रेम बनाएर अझ सुन्दर इट्टारूपी भविष्य निर्माण गर्ने खुबीमा निश्चय छ भने गरे पनि हुन्छ, यसका लागि गहिरो तथा होसियारीपूर्ण चिन्तन हुन जरुरी हुन्छ ।

मननयोग्य कुरा यो छ– हाम्रो आ-आफ्नो भविष्यका लागि हाम्रो वर्तमान बाल्यकाल हो । आज गरेको स्वभाव वा संस्कार भोलिलाई काम लाग्छ । आज व्यस्त हुने संस्कार बनाएका छौं भने भोलि पनि व्यस्त हुन मन लाग्छ । आज यथार्थ कर्म गर्ने स्वभाव बनाएका छौं भने भोलि पनि यथार्थ कर्म गर्न सक्छौं, त्यसै गर्दा सन्तुष्टि हुन्छ । खराब बानी बसेको छ भने खराब नै गर्ने इच्छा हुन्छ । अनि फल जस्तोसुकै निस्कने भए पनि खराब गर्दामात्र सन्तुष्टि हुने हुन्छ ।

बानी वास्तवमा आत्मामा निहित हुन्छ, शरीरमा होइन । हामी वास्तवमा शरीर नभएर आत्मा हौं, शक्ति हौं । म भनिने शक्ति अविनाशी हुने भएकाले म आत्माले एउटा शरीर छोडेर दोस्रो लिन्छु । त्यसैले पूर्व जन्ममा गरिएको कर्मको स्वभाव पर जन्म अर्थात् अर्को जन्ममा पनि जाने गर्दछ । यो जन्ममा बसालेको बानी अर्को जन्ममा स्वत: जान्छ, बार बार गरिएको कर्मको छाप आत्मासँगै जान्छ, सूक्ष्म बानी वा स्वभावका रूपमा । जुन कुरा हामी नवजात शिशुका आचरण तथा स्वभावबाट बुझ्न सक्छौं । राजकुमार बन्न राज खानदान वा त्यसप्रति गहिरो इच्छा, रुचि, प्रेम अनि त्यसै अनुरूपको अभ्यास गर्दै गरेको आत्मा आउने हो, एउटा सामान्य मानिसको घरमा जन्म लिने आत्मा औसतमा पूर्व जन्ममा त्यस्तै खाले निम्न कर्म अनि स्वभावमा आदती भएको आत्मा आउने हो । त्यसैले वर्तमानरूपी बाल्यकालमा उज्ज्वल भविष्य बनाउनका लागि जुन कुरा राम्रो हो भनेर बुझिएको हुन्छ त्यसलाई दिलले स्वीकारेर अघि बढौं । जीवनभर नै राम्रा कार्यलाई बुझ्ने मानसिकता बनाई तिनलाई कर्ममा पनि उतार्दै जाऔं किनकि भनिएको छ– सिकाइ जीवनको अनन्त प्रक्रिया हो (Learning is an endless process) ।

हरेक पलमा असल मात्रै गर्दै जाने हो भने साधारण परिवारमा जन्म भए पनि राजा समान बन्न सकिन्छ । नरेन्द्र मोदी प्रधान मन्त्री बनेपछि "मेरो भारत सफा भारत (My India clean India)" भन्ने नारा ल्याए । त्यतिखेरै उनकी आमासँग अन्तर्वार्ता लिइएको थियो र आमाले भनेकी थिइन्– "बर्तन सफा गर्नेवालाको छोरो देश सफा गर्नेवाला बन्यो" । सामान्य घर परिवारमा जन्मिएको व्यक्तिले पद पदमा सुधार नगरेको भए सायद आज करौडौं मानिसको आशाको किरण बन्न सक्ने थिएन ।

अन्तत: यो कुरामा ध्यान दिनुपर्‍यो कि हामी जहाँ छौं, जुन उमेरमा छौं, जुन देशमा छौं, राम्रा सबैतिर राम्रै हुन्छन् त्यसैले यो राम्रो हो भनेर जानेको कुरालाई आजै अर्थात् वर्तमानदेखि नै जीवनमा उतारौं । कर्तव्यको रूपमा तेर्सिएको हर कार्यलाई गरिहालौं ।

# भ्रष्टाचार

ब्रह्माकुमारी नमुना पोखेल, नारायणगढ

भ्रष्टाचार शब्द आजकल सारा दुनियाँमा प्रख्यात हुँदै आएको छ । संसारका धेरैजसो राष्ट्रमा यो एक मूल समस्या बनेको छ । यसको रोकथामको लागि धेरै कदमहरू पनि चालिएका छन् तर पनि यो समस्या थामिने खालको देखिएको छैन ।

आफ्नो निजी स्वार्थको वशमा परी कोही ठूला पदका व्यक्ति कुनै पनि गैर कानुनी कर्मको लागि राजी हुन्छन् र झुटो धनको संग्रह गर्छन् भने यसलाई हामी भ्रष्टाचार भन्दछौं । यो सबै त हो बाहिरी दुनियाँको भ्रष्टाचार, तर कहिले हामी यो सोच्दछौं– हामी स्वयंभित्र पनि भ्रष्टाचार भइरहेको छ ? हामी सबैमा बाहिरी दुनियाँको ज्ञान छ र विभिन्न क्षेत्रको विभिन्न जानकारी आर्जन गर्न हामीलाई सोख पनि हुन्छ । तर हामीले स्वयंभित्र के भइरहेको छ यो जान्ने कोसिस गरिरहेका हुँदैनौं ।

मन र बुद्धि मानव आत्माका दुई शक्तिहरू हुन् । मनले थोरै समयमा धेरै विचार उत्पन्न गर्ने र एकै क्षणमा कहाँदेखि कहाँसम्म सोच्ने भएकाले यसलाई हावाभन्दा तीव्र गतिको भन्ने गरिन्छ । मनमा एक मिनटमा करिब ३५-४० विचार उत्पन्न हुन्छन् । बुद्धि आत्माको दोस्रो शक्ति हो । मनमा उत्पन्न भएका विचारलाई बुद्धिले निर्णय गर्ने कार्य गर्दछ । बुद्धिलाई तराजुसँग तुलना गरिन्छ । बुद्धिमा सही र गलत, राम्रो र नराम्रो, आदि छुट्याउन सक्ने क्षमता हुन्छ । मनले सोचेका कुरालाई निर्णय दिने बुद्धि निर्णायक हो । मनमा उत्पन्न भएका विचारहरूलाई समेटेर बुद्धिले सही गलतको फरक सम्झाउँछ ।

जसरी कोही ठूला पदवाला व्यक्ति महान् तब कहलाउँछन् जब उसले आफ्नो पदको सही उपयोग गर्दछ । यदि कुनै पनि लोभ या स्वार्थको वशीभूत भएर आफ्नो स्वाभिमानबाट तल झरेर गैर कानुनी कर्म गर्छ भने उसलाई हामी भ्रष्टाचारी भन्छौं । यसैगरी हामी मानव आत्माको शक्ति बुद्धिको पनि पद ठूलो छ र मनको सानो छ । बुद्धिमा निर्णय गर्ने शक्ति हुने भएकोले मनमा उत्पन्न हने संकल्पहरूलाई चेक गरेर सहीलाई कार्यमा ल्याउने र गलतलाई नियन्त्रण गर्ने बुद्धिको काम हो ।

तर आज दुनियाँमा हामी सबै मानव आत्माको बुद्धिलाई मनले आफ्नो वशमा पारेको छ । बुद्धि जो ठूलो पदभएको हो, क्षणिक सुख र आनन्दका लागि मनको बहकाउमा आएको छ । आफ्नो स्वाभिमानबाट खसेको छ र भ्रष्टाचार गर्न लागेको छ । मनलाई सही र गलतको फरक सम्झाउनुको सट्टा बुद्धिले आफ्नै निर्णय शक्तिलाई कमजोर बनाएको छ । यदि राज्यमा राजा हुँदा-हुँदै कर्मचारीले राज्य गर्न थाले भने त्यो राज्य कस्तो होला !

त्यस्तै हामीभित्र पनि मन र बुद्धिका बीचमा अराजकता फैलिइरहेको छ । जस कारण आज मानवले सही के र गलत के हो छुट्याउन सकेको छैन । अझ अहिले त घोर अँध्यारोतर्फ धकेलिइरहेको छ । यसैकारण मानवको कर्म विकर्म बन्दै गइरहेको छ । यो शाश्वत सत्य हो– विकर्म गर्छौं भने दु:ख भोग्नै पर्छ । त्यसैले आजको दुनियाँलाई दु:खको दुनियाँ भनिएको हो ।

# स्वर्णिम युगको उदय

ज्ञान सूर्य शिवबाबा हाम्रो, ज्ञान चन्द्रमा ब्रह्मा माँ
ज्ञान सितारा हामी आत्मा, नौ लाख देखिन्छन् जो गगनमा ।
मुरलीधर शिव बाबा आउनुभयो सुनाउन मुरली धर्तीमा
ब्रह्मा जागे, जागिन् सरस्वती, जागे ब्रह्मा वत्सहरू ।
ओहो हिजोसम्म थियो कलियुग नै, सुरु भयो संगमयुग अब
संगम पनि पार हुँदैछ, आइगयो अब सतयुग ।
जानु त छ सत्ययुगमा तर कर्म पुरानै कसरी हो ?
परमात्मा प्यारमा डुबौं न आऔं नगरौं पावन बन्न अबेर ।
चिन्ता र भय अब अन्त्य हुनेछ, आउनुभयो खिवैया पार लगाउन
सबैको कामना पूर्ण गरी स्वर्णिम युगको उदय गराउन ।
जसको खिवैया नै परमात्मा शिव छ, चिन्ता के नै गर्नु छ र ?
जन्म जन्मान्तरको प्यार मेटिइसक्यो अब के नै इच्छा रह्यो र ?

ब्रह्माकुमारी गायत्री श्रेष्ठ, नारायणगढ

# आनन्द

प्रस्तोता : ब्रह्माकुमार प्रेमराज लेखक, गीतानगर

एकदिन एउटा किसानले एउटा गुम्बाको ढोका ढकढक्याएछ । त्यहाँ बस्ने भिक्षुले ढोका खोल्यो, त्यस किसानले उसलाई एउटा अति सुन्दर अङ्गुरको गुच्छा दियो । "भाइ, यी मेरो बगैंचामा फलेका आजसम्मकै सबैभन्दा राम्रा अङ्गुर हुन् । म तिमीलाई उपहार स्वरूप दिनको लागि यहाँ आएको छु ।"

"धन्यवाद छ ! म यसलाई तत्कालै गुरू कहाँ लिएर जानेछु, यसलाई देखेर उहाँ धेरै खुसी हुनुहुनेछ ।"

"होइन, मैले यी तिम्रो लागि ल्याएको हूँ ।"

"मेरो लागि ?" भिक्षुले लाज मान्दै मुख रातो बनायो, प्रकृतिको यति सुन्दर उपहारको लागि ऊ लायक न भएको उसले महसुस गर्‍यो ।

"हो !" किसानले जोड दियो । "किनकि जहिलेसुकै पनि मैले ढोका ढकढक्याएँ खोल्ने तिमी नै हौ । खडेरी पर्दा, मेरो बाली पुरै नष्ट हुँदा जब मलाई मदत चाहियो, सधैं मलाई रोटी र चिया दिएर सहयोग गर्ने पनि तिमी नै हौ ।"

भिक्षुले अङ्गुर लियो र पूरा बिहानभरि यसको प्रशंसा गरिरह्यो । यो वास्तवमै अति सुन्दर भएको कारणले उसले यसलाई आफ्नो गुरुलाई दिने निर्णय गर्‍यो, जसले सधैं ज्ञानका कुराहरू सुनाएर उसलाई प्रोत्साहन दिन्थे । गुरू त्यो अङ्गुरको उपहार देखेर साह्रै खुसी भए तर उनले सम्झे कि त्यहाँ त्यसै गुम्बामा एकजना बिरामी व्यक्ति थियो र सोचे, "म यी अङ्गुर उसलाई दिनेछु, कसलाई थाहा यिनले उसको जीवनमा कति आनन्द ल्याउन सक्छ ?"

र उनले त्यही गरे पनि । तर ती अङ्गुर त्यस बिरामी व्यक्तिको कोठामा धेरै समय रहन सकेनन् किनभने उसले सोच्यो, "मेरो भान्छेले धेरै समयदेखि मीठो-मीठो भोजन खुवाएर मेरो हेर-विचार गरिहेको छ । मलाई पूरा विश्वास छ यिनले उसलाई आनन्द दिनेछ ।" जब भान्छे भोजन लिएर त्यहाँ आयो, उसले उसलाई ती अङ्गुर दियो । "यी तिम्रो लागि हुन् ।" त्यस बिरामी भिक्षुले भन्यो । तिमी जहिले पनि प्रकृतिले उत्पादन गरेका चीजहरूको सम्पर्कमा आउने गरेको ले भगवान्को यस देनको कदर तिमीले राम्ररी गर्न सक्छौ ।"

त्यसपछि भान्छेले ती अङ्गुरलाई त्यहाँको भरखरै प्रवेश गरेको नयाँ भिक्षुलाई दियो । जब त्यस नयाँ भिक्षुले ती अङ्गुर पायो उसको हृदय मालिकको यस रचनाप्रति खुसीले गद्गद् भयो किनभने उसले अहिलेसम्म त्यती राम्रा अङ्गुर देखेकै थिएन ।

ठीक त्यतिखेरै उसले पहिलोचोटि त्यस गुम्बामा आएको कुरा सम्झ्यो र त्यस व्यक्तिलाई पनि सम्झियो जसले उसको लागि गेट खोलेको थियो । यो त्यही क्षण थियो जसले उसलाई ती व्यक्तिहरूको समुदायमा आउन अनुमति दिएको थियो जुन व्यक्तिले जीवनको सुन्दरतालाई मान्यता दिन जानेको थियो ।

र त्यसैले रात पर्नुभन्दा ठीक अगाडि उसले ती अङ्गुरलाई गेटमा त्यस भिक्षुकहाँ लिएर गयो । "खाऊ र आनन्द लेऊ," उसले भन्यो । किनभने धेरै जसो समय तिमीले एक्लै यहाँ बिताएका छौ, र यी अङ्गुरले तिमीलाई धेरै खुसी दिनेछन् ।"

सबैभन्दा बढी आनन्द दिनुमा छ ।

स्रोत : Purity, April 2014

# मधुवनको यात्रा

✍ सावित्री उप्रेती, मनोहरी

जब-जब यस सृष्टिमा धर्मको अति ग्लानि भएर अधर्मको राज्य हुन्छ, मानिसहरूमा आसुरी वृत्ति बढ्दै गएर पापाचार, भ्रष्टाचार बढ्दछ तब-तब यस सृष्टिका रचयिता परमपिता शिव परमात्मा अवतरित भएर आचरणलाई श्रेष्ठ बनाउने शिक्षा दिनुहुन्छ । त्यस समय जब ज्ञानका सागर परमात्मा आएर हामी ज्ञानका नदीहरूसँग मिल्नुहुन्छ त्यो सम्पूर्ण मानवको कल्याण गर्ने युगलाई कल्याकारी संगमयुग भनिन्छ । यस समयमा परमात्माले आत्माहरूलाई दु:खबाट मुक्त गरेर दिव्य गुणहरूले सजाउन, पतितलाई पावन बनाउन, नर्कलाई स्वर्ग बनाउन, मानवलाई देवता बनाउन यस धर्तीमा अवतरित भएर विश्व परिवर्तनको कार्य थालनी गरेको अहिले ७८ वर्ष भइसकेको छ ।

परमात्माले अवतरण भएर यस सृष्टि जगत्मा कर्म गरेको भूमि जसलाई मधुवन भनिन्छ त्यहाँ जाने अवसर पनि यसपालि प्राप्त भयो । यो मेरो पहिलो तीर्थ यात्रा अत्यन्तै स्मरणीय र रमणीय रह्यो । मधुवनमा पुगेपछि त्यहाँको शान्त वातावरणले मनलाई यति आनन्द तथा खुशी बनायो जसकारण कुन बार हो, कुन तिथि हो यी कुरासम्ममा पनि ध्यान जान पाएन छ, गएन । परमात्मा मिलनको अवसरमा गएको यस यात्रामा साँच्चै स्वर्गको साक्षात्कारको अनुभूति भयो । मलाई लाग्छ मधुवनभन्दा अर्को ठाउँ छैन जसलाई स्वर्ग भन्न मिलोस् । त्यहाँ कुनै भाषाको, जातिको, धर्मको, लिङ्गको भेदभाव छैन । तेरो मेरोको फेराहरू त्यहाँ छैनन् ।

यस तीर्थ यात्रामा मैले धेरै कुरा सिक्ने मौका पाएँ । पहिलो कुरा समयलाई व्यर्थ फाल्नु हुँदैन । समयलाई धेरै व्यर्थ फालिरहेकी छु भन्ने महसुस भयो । मैले प्रतिज्ञा गरेर आएकी छु समयलाई व्यर्थ संकल्प गरेर खेर फाल्ने छैन । परमात्माको ज्ञानलाई मनन चिन्तन गर्नेछु । परमात्माको महावाक्यलाई शब्दरूपी फूल सम्झिएर माला उनिइरहनेछु । हामीले जीवनलाई सुखमय बनाउन आफू स्वयं परिवर्तन भई सबैप्रति सकारात्मक र आत्मीय दृष्टिकोण राख्नुपर्ने हुन्छ । व्यक्तिगत जीवनमा मात्र नभई व्यावहारिक जीवनमा पनि इमान्दारीतालाई अपनाउनु पर्ने महसुस बढेको छ ।

सत्य के रहेछ त भन्दा शरीरले मात्र मानिस कहलाउन सकिन्न, मान्छे बन्न ज्ञान पनि चाहिने रहेछ । ज्ञान धारण गर्न योग अभ्यासको अति जरुरी रहेछ । मलाई लाग्ने गर्थ्यो म धेरै योग गर्दछु तर त्यस तपोभूमिमा पुगेपछि लाग्यो मैले त योग गरेकै रहेनछु ।

बाबाको घर मधुवनमा भएको व्यवस्थापनदेखि पनि म धेरै प्रभावित भएँ । त्यति धेरै मानिस भएर पनि वातावरण कति शान्त । कुनै हो-हल्ला छैन । सबै आफ्नै चिन्तनमा मस्त । त्यहाँको वातावरण एकदमै शक्तिशाली रहेछ, जहाँ बसे पनि परमात्मासँगको योगमा सहजै एकाग्र भइहालिन्छ ।

भक्ति मार्गमा त हामी तीर्थ गएर आएपछि गंगाको अथवा तीर्थ स्थलको जल बाँड्नु पर्छ भन्ने चलन हुन्थ्यो, तर यहाँ त मधुवनको तीर्थमा गएर आएपछि त्यहाँको ज्ञानरूपी जल सबैलाई बाँडौं, कसरी सबैलाई सुनाऔं जस्तो लाग्दछ । मधुवनमा सिकेको अर्को पाठ तथा प्रेरणा यो पनि छ कि त्यहाँका भाइजी तथा बहिनीजी सबै निरन्तर मुस्कुराइरहनुहुन्छ । उहाँहरूको मुस्कानयुक्त व्यवहारले त्यहाँ आउने हर कोहीलाई अपनत्वको आभास गराइदिन्छ । अहिले म पनि हर परिस्थितिलाई मुस्कुराएर सामना गर्नुपर्‍यो भनेर त्यसको अभ्यास गर्दैछु । यो अभ्यासले हारै हुनुपरे पनि जितको अनुभव गराइरहेको छ । भगवान्लाई साथी बनाएर आज धेरै कुराहरू प्राप्त गर्दैछु ।

नारी भएर जन्मनुमा आफूलाई भाग्यमानी ठानेकी छु । नारीले केही पनि गर्न सक्दैनन् भन्ने हाम्रो समाजमा अब नारीले नै धेरै कुरा गर्न सफल हुन्छन् भन्ने कुराको अनुभूति गराउन सकिन्छ जस्तो मलाई लागेको छ । मधुवनमा हुने हर साना वा ठूला सबै कार्यक्रममा नारी नै अग्र पङ्क्तिमा हुनुहुन्छ । आज संसारमा नमुनाका रूपमा स्थापित हुँदै गइरहेको ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको बागडोर नारीहरूकै हातमा छ । यी सबै कुरा गर्न गराउनमा स्वयं परमपिता परमात्मा आफैंको अग्रसरता छ । साधु-सन्त तथा संन्यासीहरूले नारी नर्ककी द्वार हुन् भनिरहेको अवस्थामा नारीद्वारा नै स्वर्गको स्थापना गर्न सकिने नमुना प्रस्तुत गर्दै हुनुहुन्छ । उहाँले नारीको मनोबल बढाउँदै, नारी स्वर्गकी द्वार हुन्, शक्ति हुन्, शिव शक्ति हुन्, जगत् कल्याणी हुन्, असुर संहारिणी हुन् भन्दै ज्ञानको कलशसमेत नारीकै शिरमा राखिदिनुभएको छ । आज संसारका लगभग १४३ राष्ट्रमा फैलिएको सञ्चालन बहिनीजी माताजीहरूद्वारा नै भइरहेको छ । यसरी नारी जातिको अग्रताद्वारा संसारमा स्वर्ग बनाउने कार्यमा आफू पनि सहभागी हुन पाउँदा अति खुशी लागेको छ ।

मधुवनको तीर्थ यात्राले मभित्र पनि अथाह संभावनाहरू रहेछन् भन्ने महसुस गराएको छ । ❋

# निर्विघ्न सुखदेव

✍ ब्रह्माकुमार गुणराज, वीरगञ्ज

उज्यालो आध्यात्मिक गगनमा मगन हुँदा सुख अनुभूति हुन्छ । वास्तवमा सुख हामीले नै रचना गर्दछौं । सुखको सृजना गर्ने सृजनहार, रचयिता तपाईं हामी आफै हौं । सुन्दर सृष्टिका सुपात्र सर्वलाई स्वागत र सम्मान छ । निर्दोषी भएर जो कोही पनि कालको चक्रमा घुमिरहेको छ । रस होस् वा भाइरस सबै ड्रामारूपी यात्राका यात्रीमात्र हुन्, ड्रामारूपी अक्षरमा मात्रा हुन् । यही सूत्र मनभित्र राखेर ईश्वरीय श्रीमत अनुसार सबैलाई सुख दिनु नै सुख पाउनु हो । सुखका खातिर पानी, पृथ्वी, पवन, प्रकाश र आकाश प्रभु पिताले आफ्ना प्रिय सन्तान सुपुत्रहरूका लागि प्रदान गर्नुभएको छ । वृक्षले फल फलेर अरुलाई सुखका निम्ति समर्पण गर्दछ । त्यस्तै हामी आत्मा पनि मास्टर दाता हौं, आफ्ना ईश्वरीय बाल विचार, वाणी र व्यवहारको मनोबलबाट जनजनलाई सुख दिन सजिलै सकिन्छ । त्यसका लागि स्वयं, संसार अनि सर्वेश्वरसंग सन्तुष्ट हुन आवाश्यक छ ।

समझदारीले भरिएको अवस्था र व्यवस्था ज्ञानको उपज हो । भाग्यमानी छौं हामी आफैं अनि अरूलाई सौभाग्यशाली बनाउने सेवा गर्छौं । संसारका मानिस जो-जो पनि यस जगत्मा आए, नयाँ साम्राज्य लिएर आए, मालिक अनि बादशाह बनेर आए । आउँदा हरेकलाई कति सुन्दर आमाको काख मिलेको थियो । आमाको काखमा व्यूँझना साथ खाने कुरा मिलेको हुन्छ । केही खोज्न, कमाउन वा बनाउन जानु पर्दैन । कति सुख, कति आनन्द, हामी हरेक बच्चा यस दुनियाँमा आउँदा स्वर्ग समान सुखको साम्राज्य लिएर आएका थियौं । बच्चा नै भएर बाँचौं । पञ्च-तत्वको मृत शरीरभित्र बाबाको बच्चा अमृत आत्मा हौं । सदा यो श्रेष्ठ  जीवनोपयोगी विचार मनमा ल्याइराखौं ।

सत्यताको साथ गम्भीर भएर सम्झौं यो गहिरो सागरको बानी बनाउने पानीलाई । यो ज्ञान जल भए पनि यसले बढाउँछ मनोबल । बच्चाले सुख दिन्छ । हामी पनि सदा त्यही बच्चा बनौं न । चीज वस्तुदेखि लासा वा खासाको सुनले मात्र सुख किन ? अब आत्माको गुणले सुख देऔं न । यसैका लागि त त्यागको पनि त्याग गरेर हामी समर्पण भएका हौं नि ! सुखदेव स्वामीले संसारलाई सुख दिए । हामी पनि स्वदर्शन चक्रधारी सुखदेव बनौं न । यो पद डाक्टर, इन्जिनियर वा प्रधानमन्त्रीभन्दा कम हो र ! यो समय भनेको प्रात:कालको समय हो । यस शुभ घडीमा पावन कर्म गर्नु छ । यो खेती गर्ने समयजस्तै हो । अविनाशी बीज छर्ने र जन्म-जन्म खाने कमाइको खेती लगाउने समय हाम्रो अगाडि आएको छ । सुख भन्ने कुरा दिने हो । पहिला दिनु अनि स्वत: पाउनु । ब्रह्मा बाबाले झैं अरुलाई सुख दिन सक्यौं भने हाम्रो जीवन देवतुल्य बन्दछ । देव शब्द दाता वा दिनुको पर्यायवाची हो । ड्रामानुसार अब शाहदेवमात्र होइन सुखदेव बन्नु छ । जबसम्म मनभित्र विघ्न हुन्छ तबसम्म सुखदेव बन्न सकिदैन । बेफिक्र बादशाह बनेर सर्वको हित नै मेरो जित हो भन्ने उत्कृष्ट भावना भएमा निर्विघ्न व्यक्तित्व बन्नेछ । उही नै सुखदेव हो, जसरी ब्रह्मा बाबा, सरस्वती मम्मा बन्नु भयो । माता-पिताको विशेषतालाई नापी नापी हामीले कपी गर्न सके निर्विघ्न सुखदेव बन्न सहज हुन्छ । पहिलो सिद्धान्त भगवान् जो रचयिता, मेरो परमप्रिय परमपिता हुनुहुन्छ । उहाँका सबै सन्तान चाहे जस्तोसुकै हुन्, भगवान्का हुन् भन्ने भावले गुण र विशेषतालाई देखौं । दोश्रो सत्य कुरा सदा सोचौं– ईश्वर जसलाई बाबा भन्छौं उहाँले गर्नुहुन्छ पूरा । तेश्रो दर्शन छ कि जहिले पनि स्वदर्शन गरौं । यसैबाट बाबाको आशा पूरा हुन्छ । यी हाम्रा अति राम्रा गर्नु पर्ने होमवर्क हुन् जसलाई जीवनमा उतारेर निर्विघ्न सुखदेव बन्नुछ । ❋

जगदम्बा सरस्वती..........

१२) **सम्बोधनमा सम्मान** : उहाँ बोलचालको मर्यादाको सदा ध्यान राख्नुहुन्थ्यो । कोही आयुमा आफूभन्दा सानै भए पनि उहाँ बातचित गर्दा "तँ-तँ वा तिमी-तिमी" भन्नुको सट्टा "तपाईं-तपाईं" को आदरसूचक सम्बोधनको उपयोग गर्नुहुन्थ्यो । किनकि उहाँको मान्यता थियो– देहको हिसाबले सानो होस् वा ठूलो तर उसमा विराजित आत्मा त सदा सम्माननीय हुन्छ, किनकि आदि-अनादि स्वरूप आत्मा गुणसम्पन्न हुन्छ ।

१३) **चलनमा शालीनता** : व्यक्तिको चाल-चलन र चेहरा नै उसको व्यक्तित्वको सही पहिचान हो । शालीन व्यक्तित्वकी धनी मम्मा सबैका बीचमा आफ्नो श्रेष्ठ चलनबाट अनौठो देखिनुहुन्थ्यो । सहजै सबैको ध्यान आकर्षित हुन्थ्यो । श्रेष्ठताको आदर्श व्यक्तित्व थियो । उहाँको चाल-चलन र चेहरामा सदा दिव्य गुण प्रस्फुटित भइरहन्थे ।

१४) **अनुसरणमा अचुकता** : प्रजापिता ब्रह्माको मानसपुत्रि हुँदा-हुँदै पनि उहाँ सदा शिवबाबालाई परमसद्‌गुरुको रूपमा स्वीकार्नुहुन्थ्यो । निराकार रूपमा शिवपिताको श्रीमतको अनुसरण गर्नु वा ब्रह्माबाबाको आचरणको अनुसरण गरेर साकार रूपमा उहाँलाई अनुसरण गर्नु, यी दुवै विधिद्वारा उहाँ सबैभन्दा पहिलो बन्नुभयो ।

१५) **आज्ञा पालनमा तत्परता** : जब-जब शिवबाबा वा ब्रह्मा बाबा स्वउन्नति या सेवार्थ आज्ञा दिनुहुन्थ्यो, मम्मा आज्ञाकारी बालकजस्तै आदेश पालनामा सदा तत्पर रहनुहुन्थ्यो । चाहे रात होस् वा दिन, गर्मी होस् वा ठण्डी जुन समय जस्तोसुकै कठिन वा सरल कार्य मिलोस्, त्यसलाई 'हुन्छ हजुर' को पाठ पक्का गर्दै, तत्परतापूर्वक यज्ञसेवाको सम्मान गर्नुहुन्थ्यो । त्यसमा थोरैमात्र पनि आलस्य वा हेल्चेक्र्याइँ हुन्नथ्यो ।

१६) **अभिवादनमा नम्रता** : जसरी फलका कारण वृक्ष झुकेको हुन्छ, मानौं फलले झुकी-झुकी अभिवादन गर्दछ । यस्तै सद्‌गुणका रसदार फलले भरपूर मातेश्वरी जी नम्रतायुक्त अभिवादन गरेर हरेक दिललाई आनन्दित गराउनुहुन्थ्यो, जित्नुहुन्थ्यो । विनम्रताले भरिएको निरहंकारी अभिवादनद्वारा अतिथिमाथि अमिट छाप छोड्नुहुन्थ्यो । उनीहरूलाई पलभरमा आफ्नो बनाउनु उहाँको दिव्य अभिवादनको विशेष खुबी थियो ।

१७) **पुरुषार्थमा तीव्रता** : मातेश्वरीजी पुरुषार्थको सुन्दर परिभाषा प्रस्तुत गर्नुहुन्थ्यो, उहाँ सधैं भन्नुहुन्थ्यो, सच्चा पुरुषार्थी ऊ नै हो, जसले एकपटक भूल गरेर दोस्रोपटक नदोहोर्‍याओस् । मम्माको तीव्र पुरुषार्थी जीवनको सर्वोच्च विशेषता थियो, उहाँ महसुसको कुरालाई तीव्रतासँग विना विलम्ब गरिहाल्नुहुन्थ्यो । एकपटक बाबाले जे कुरा भन्नुहुन्थ्यो, त्यही कुरा अर्को पटक भन्नुपर्दैनथ्यो ।

१८) **संकल्पमा दृढता** : उहाँको संकल्पमा हिमालयवत् अडिगता तथा दृढता थियो । उहाँको सफलतम जीवन यात्रामा दैवी गुणको धारणसम्बन्धी दृढ संकल्प शक्तिको चमत्कार दृष्टिगोचर हुन्थ्यो । स्व-परिवर्तनको कुरा होस् वा सेवाको बीडा उठाउनुपर्ने होस् जबसम्म कार्य सम्पन्न हुन्नथ्यो तबसम्म दृढसंकल्प राख्नुहुन्थ्यो वा दृढतारूपी चाबीद्वारा विफलतालाई पनि सफलतामा परिवर्तन गर्नुहुन्थ्यो ।

१९) **बोलमा मधुरता** : मातेश्वरीजी को वाणी यस्तो रसिलो थियो, बोलेको समयमा उहाँको हर बोलीमा मधुरसको अमृतधारा बर्सन्थ्यो । मितभाषी तथा सार गर्भित मधुरता बाँड्ने कलाकी स्वामिनी हुनुहुन्थ्यो जगदम्बा । जसले जतिसुकै कडा भूल गरे पनि ममता वात्सल्ययुक्त मधुर सावधानीपूर्ण समस्याको समाधान गर्नुहुन्थ्यो ।

२०) **ज्ञानमा गुह्यता वा महिनता** : मातेश्वरीजी सदा ज्ञानसागरको गहिराइमा डुबिरहनुहुन्थ्यो तथा गीता ज्ञानदाताको गुह्य गोपनीय रहस्यलाई भुफेर तिनीहरूलाई आत्मसात् गर्नमा उहाँ बराबर कोही थिएन । विलक्षण बुद्धिमत्ताद्वारा ज्ञानको हर पत्र खोल्दै ज्ञानको महिनताद्वारा हर पक्ष वा रहस्य उजागर गर्नुहुन्थ्यो जसद्वारा उहाँ विद्याकी देवी माँ सरस्वती कहलाउनुभयो ।

२१) **योगमा निरन्तरता** : उहाँको मन निरन्तर प्रभु स्मृतिमा हराइरहन्थ्यो । उहाँको एकपल पनि प्रभु प्रियतमको यादविना बित्दैनथ्यो । परमज्योति शिवमा अर्पण हुनुभएको प्रेमको सही पुतली हुनुहुन्थ्यो उहाँ, उहाँको हृदयमा वीणाले भरिएको यादको गुन्जन चलिरहन्थ्यो– 'मेरो त एक शिवबाबा अर्को कोही छैन ।'

२२) **धारणामा सम्पन्नता** : उहाँको जीवन सर्वगुणको धारणाको दिव्य दर्पण थियो, जसद्वारा उहाँ सर्वगुणसम्पन्न बन्नुभयो । बुद्धिरूपी बाकसमा ज्ञानरत्नद्वारा ज्ञान सम्पन्नता तथा व्यवहारमा सोह्र कलाले सर्वकला सम्पन्नताको स्वामिनी हुनुहुन्थ्यो । मन-वाणी-कर्ममा ज्ञान गुण शक्ति वा कलाहरूको सम्पन्नताको कारण नै उहाँ अष्टदुर्गाको अष्ट दिव्यरूप (दुर्गा, लक्ष्मी, भवानी, महाकाली, सरस्वती, जगदम्बा, सन्तोषी, उमा) मा सजाउने पुज्ने गरिन्छ ।

२३) **सेवामा अथक** : रात होस् वा दिन जब-जब ब्रह्मा बाबा सेवाको आदेश दिनुहुन्थ्यो तब-तब अथक बनेर त्यसलाई त्यही क्षणमा पूर्ण गर्नुहुन्थ्यो । विश्रामको समयमा पनि कोही उहाँसँग मिल्न आए भने स्वयंको आरामको पर्वाह नगरी उनीहरूसँग भेट गर्नुहुन्थ्यो । उनीहरूलाई स्नेह सम्मान दिएर उनीहरूको आत्मिक सेवा गर्नुहुन्थ्यो ।

२४) **आदान प्रदानमा स्वच्छता** : मम्माको लेन देनमा शुद्धता देखिन्थ्यो । मनसा वाचा कर्मणा कहिल्यै पनि कुनै विकारी तत्त्व स्थूल वा सूक्ष्मरूपी खराबी देखिदैनथ्यो । जसरी जालीबाट जललाई छानेर नै पात्रमा भरिन्छ, यस्तै दिव्य बुद्धिको चाल्नीमा छानेर हर कुरालाई लिने वा दिने गर्नुहुन्थ्यो । उहाँको ज्ञानदानमा पनि अहम् वा संशयको अस्वच्छता हुँदैनथ्यो ।

जसरी २४ केरेटको सुनलाई सच्चा सुन मानिन्छ, यस्तै उपर्युक्त मातेश्वरीजीका २४ विशेषताहरू २४ केरेट सच्चा सुन बनाउनेवाला छन् । मातेश्वरीजी को जीवन योगाग्नीमा तपेको र खारिएको २४ केरेटको सच्चा सुन थियो । यस्तो सर्वगुण सम्पन्न मातेश्वरीजीको २४ जून स्मृति दिवसमा प्रस्तुत २४ विशेषताहरूले तीव्र पुरुषार्थी बन्ने प्रेरणा दिन्छन् । अतः हे महातपस्विनी, जगत् कल्याणी माँ जगदम्बे हजुरलाई सलाम !

## चरित्र

...चरित्र शक्ति हो ठूलो र साथै गुण हो पनि ।
जसले धन औ मान सुखको दिन्छ जीवनी ।।
कसी हो योग्यताको यो यो विना उपदेश र ।
कर्म, धर्म र भक्तिको मूल्य हुन्न रत्तिभर ।।

चरित्र गहना हो यो र हो यो वहना पनि ।
यै हो जीवन गंगाको किनारा पार लाउनी ।।
जस्ले चरित्रको ख्याल गर्दैन त्यो बग्यो गयो ।
फर्केर फेरि आउन्न गएपछि गयो-गयो ।।

चरित्रवान व्यत्तित्व मरेर पनि बाँच्दछ ।
सच्चरित्र सधैं सालिक् बनेरै पनि हाँस्दछ ।।
न यो किनेर पाइन्छ न त पाइन्छ धाकले ।
यस्को आफ्नै छ अस्तित्व छुनै सक्तैन रापले ।।

सप्रे चरित्र त्यो सप्‍यो बिग्रे बिग्रिन्छ मानव ।
हेर चरित्र बिग्रेमा मान्छे बन्दछ दानव ।।
असल् चरित्रले मान्छे देवत्व प्राप्त गर्दछ ।
हेर श्रीराम औ कृष्ण संसारै भरि पूज्य छन् ।।

चरित्र ज्ञानले मिल्छ र ज्ञान त्यै चरित्रले ।
मान्छे देवत्वमा पुग्छन् यी दुवैको मिलानले ।।
चरित्रवान भै बस्न र सच्चा ज्ञान पाउन ।
...ओम शान्ति छ सर्वत्रै पर्दैन दूर धाउन ।।

✍ठाकुर प्र. सिग्देल, बरौंजी-५, चितवन

*आदरणीय पाठकवृन्द,*

आध्यात्मिक ज्ञानद्वारा सबैलाई आलोकित गर्ने शुभ इच्छालाई साकार रूप दिने क्रममा ज्ञानज्योति मासिक पत्रिकालाई विगत १४ वर्षदेखि हजुरहरू समक्ष पठाउने मौका पाएका छौं । हजुरहरूको न्यानो सहयोगले हामीलाई अझ उमङ्ग उत्साह र हौसला प्रदान गरेको छ । हजुरहरूको यो सहयोगप्रति ज्ञानज्योति परिवार हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छ । यसैगरी आगामी दिनहरूमा यो पत्रिकाले अभै स्तर तथा गुणात्मक संख्या बढाई परमपिता परमात्माको सन्देशलाई जन-जनसमक्ष पुऱ्याउन यहाँहरूको ठूलो योगदान रहने कुरामा विश्वस्त छौं । हामीलाई विश्वास छ, श्रावण महिनाबाट नयाँ अङ्क शुरू हुने भएकोले आवश्यक संख्या समयमा नै टिपाइदिनु भएमा त्यसै अनुसार पत्रिका उपलब्ध गराउन सजिलो हुनेछ ।

सहयोगको लागि आभारी छौं ।

**–ज्ञानज्योति परिवार**



**रानीबारी, काठमाण्डौ** : सेवा केन्द्रको भवन शिलान्यास गर्नुहुँदै माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री नरहरि आचार्य, राजयोगिनी राज दिद, ब्र.कु. रामसिंह, ब्र.कु. बाबा मैया तथा ब्र.कु. सिर्जना ।



**चताराधाम, सुनसरी** : प्राचीन हरिद्वार वराह क्षेत्र चताराधाममा लागेको पूर्णमहा कुम्भ मेलाको समापन सत्रमा पाइलट बाबालाई सम्मान गर्नुहुँदै ब्रह्माकुमारी गीता दिदी ।



**धनकुटा** : सेवाकेन्द्रमा ज्ञान चर्चापश्चात् माननीय उपप्रधान मन्त्री तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंह, माननीय सभासद् मनोहरि श्रेष्ठ, ब्र.कु. चन्द्रकला तथा अन्य ।




**तोरीखेत, चितवन** : मन, जीवन र स्वास्थ्य कार्यशाला गोष्ठीको उद्घाटन गर्नुहुँदै माननीय सभासद् शिव कुमारी गोतामे, पूर्व सभासद् उमा रेग्मी, ब्र.कु. सुवर्ण, प्रशिक्षक ब्र.कु. विजय तथा अन्य ।




**महेन्द्रचोक, चितवन** : मन, जीवन र स्वास्थ्य कार्यशाला गोष्ठीको उद्घाटन गर्नुहुँदै माननीय सभासद् विष्णु परियार, कृष्णलाल सापकोटा, गुणराज पाठक, ब्र.कु. सुवर्ण, ब्र.कु. विजय तथा अन्य ।




**कञ्चनबारी, विराटनगर** : मेरो नेपाल व्यसनमुक्त नेपाल कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय मुख्य जिल्ला न्यायाधीश शेखर पौडेल, ब्र.कु. गीता दिदी तथा अन्य ।



**दधीकोट, भक्तपुर** : सेवाकेन्द्रमा आयोजित LIVE LIFE LIGHT कार्यक्रमको उद्घाटन गर्नुहुँदै काठमाण्डौ स्कुल अफ ल कलेजका कार्यकारी निर्देशक गीता पाठक संग्रौला, ब्र.कु. रुजिला, ब्र.कु. रामसिंह ऐर साथै सहजकर्ता ब्र.कु. विजय एवं रामजी अधिकारी तथा अन्य ।



**थकालीचोक, कावासोती** : गीता पाठशालाको वार्षिकोत्सव एवम् झण्डोत्तोलन समारोहको उद्घाटन गर्नुहुँदै नवलपुर एकेडमीका प्रा. हरिहर अधिकारी, वाइज विजन इ. बोर्डिङका प्रा. तिलकचन सापकोटा ब्र.कु. शर्मिला, ब्र.कु. जमुना तथा अन्य ।



**नौरङ्गे, भरतपुर** : गीता पाठशामा आयोजित कार्यक्रममा झन्डोत्तोलन गर्नुहुँदै नौरङ्गे टोल सुधार समितिका अध्यक्ष मदन घिमिरे, ब्र.कु. गंगा, समाजसेवी नामदेव न्यौपाने, बाबुराम दवाडी तथा अन्य ।



**पदमपुर, चितवन** : गीता पाठशालामा आयोजित प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै भीम बलि सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष विष्णु प्रसाद सिम्खडा, ब्र.कु. सुवर्ण, ब्र.कु. सुशीला तथा अन्य ।

**चनौली, चितवन** : श्री जनप्रिय पब्लिक स्कुलमा साप्ताहिक कोर्स पश्चात् ग्रुप फोटोमा ब्र.कु. सविता, प्रिन्सिपल भानुभक्त अर्याल साथमा शिक्षक-शिक्षिकाहरू ।



## ईश्वरीय सेवामा

नाम :

ठेगाना :

संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ✺ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ✺ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ✺ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ✺ सह-सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ✺ प्रकाशक : ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन। फोन: ०५६-५२०५४७, E-mail:gyanjyoti.monthly@gmail.com, Website:www.bkchitwan.org, www.brahmakumaris.com ✺ मुद्रक : मल्टि ग्राफिक प्रा. लि., बाफल, काठमाण्डौं